**ईश्वरपुर नगरपालिकाको दोस्रो नगरसभामा**
**नगर प्रमुख श्री मनोज कुमार देवकोटाद्वारा प्रस्तुत**
**आ.ब २०७५।७६ का लागि ईश्वरपुर नगरपालिकाको नीति तथा कार्यक्रम**

- प्रमुख अतिथि प्रतिनीधि सभा सदस्य एवं पूर्व मन्त्री माननीय महिन्द्र प्रसाद यादवज्यू,
- विशिष्ट अतिथि प्रतिनीधि सभाका माननीय सदस्य श्री प्रमोद कुमार साहज्यू,
- विशिष्ट अतिथि प्रदेश सभाका माननीय सदस्य श्री उपेन्द्र महतोज्यू, माननीय श्री बेची लुङ्गेलीज्यू, माननीय श्री गौरी शंकर साह, माननीय श्री डिल्ली प्रसाद उप्रतीज्यू, माननीय श्री रविन्द्र बैठाज्यू, माननीय श्री पिङ्की साहज्यू,
- विशेष अतिथि जिल्ला समन्वय समिति सर्लाहीका अध्यक्ष श्री मेथुर चौधरीज्यू
- विशेष अतिथि सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यू,
- छिमेकी नगरपालिकाका प्रमुख तथा उपप्रमुखज्यूहरु,
- ईश्वरपुर नगरपालिकाका उपप्रमुख श्री एकावती देवी चौधरीज्यू,
- विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,
- जिल्ला समन्वय समिति सर्लाहीका स्थानीय समन्वय अधिकारीज्यू,
- रणशेर गणका गणपतिज्यू,
- प्रहरी उपरीक्षकज्यू,
- सशस्त्र प्रहरी उपरीक्षकज्यू,
- प्रमुख प्रशासकिय अधिकृतज्यूहरू,
- सागरनाथ वन विकास परियोजनाका प्रमुखज्यू
- खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका प्रमुखज्यू,
- विभिन्न सरकारी निकायका प्रमुखज्युहरु,
- विभिन्न गैर सरकारी संघसंस्थाका प्रमुखज्युहरु,
- उद्योग वाणिज्य संघ लगायत विभिन्न पेशागत संघ संगठनका अध्यक्षज्यूहरु,
- पूर्व जनप्रतिनीधिज्यूहरु,
- नगरसभाका सम्पुर्ण सदस्यज्यूहरु,
- विभिन्न संचार माध्यमका प्रतिनिधिज्यूहरु,
- सामुदायिक मेलमिलाप, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका अध्यक्षज्यूहरु,
- सम्पूर्ण आमा बुवा, दिदि बहिनी, दाजु भाई तथा उपस्थित महानुभावज्यूहरु,

१. ईश्वरपुर नगरपालिकाको दोस्रो नगर सभाको यस गरिमामय उद्घाटन समारोहमा नगरपालिका परिवार तथा मेरो ब्यक्तिगत तर्फबाट यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत गर्दछु । यो सुखदः अवसरमा हामीलाई आफ्नो अमूल्य मत दिई जिताउने सम्पूर्ण मतदाताहरुलाई पुनः हार्दिक धन्यवाद ज्ञापन गर्न  चाहन्छु ।

२. सर्वप्रथम म नेपालको प्रजातान्त्रिक आन्दोलन, मधेश आन्दोलन, जन आन्दोलन लगायत जनअधिकारकालागि भएका सम्पूर्ण आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहिदको योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु । साथै आन्दोलनका क्रममा घाईते तथा अंगभंग हुनु भएका प्रजातान्त्रिक योद्धाको सिघ्र स्वास्थ्यलाभको कामनाका गर्दै उहाँहरूको योगदान प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । नेपालको प्रजातान्त्रिक आन्दोलनहरूको नेतृत्व गर्नु हुने सम्पूर्ण आदरणीय अग्रज नेताज्यूहरूको योगदान तथा मार्गदर्शनको स्मरण गर्दै उच्च सम्मान अर्पण गर्दछु ।

३. हाम्रा श्रद्धेय शहिद तथा आदरणीय अग्रज नेताज्यूहरूको त्याग, वलिदान र संघर्षबाट नेपालमा संघीय गणतान्त्रिक लोकतन्त्र स्थापना भएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी नेपाली जनतामा निहित सार्वभौमसत्ता, नेपालको अखण्डता, नेपाली वीचको एकतालाई अझ मजवुत तथा वृहत बनाई शान्त, समुन्नत र सुन्दर नेपालको निर्माण गर्ने चुनौती हाम्रो काँधमा आएको छ । संघर्षपूर्ण हाम्रो विगतबाट शिक्षा लिई दृढ संकल्पकासाथ उच्च समझदारी र सवल सहकार्यका साथ गरिवी, पछौटेपन, कुरिती, विभेद र बंचितीकरण विरूद्ध ठोस कार्यक्रमहरू पारदर्शी र प्रभाबकारी रूपमा सुरू गरी उपलव्धीको संस्थागतीकरण गर्नु हाम्रो लागि चुनौतिका रूपमा रहेको छ । यसमा हाम्रो वलिदानी विगतको अनुभव, सुदृढ हुँदै गएको सहयोग, समझदारी र सहकार्यको संस्कृति ठूलो अवसरको रूपमा रहेको छ ।

४. प्रदेश नं २ को सर्लाही जिल्लामा अवस्थित माछा उत्पादन तथा अन्नको भण्डारको पहिचान बनाएको यस ईश्वरपुर नगरपालिका एउटा शान्त, प्रदुषणरहित, हरियालीयुक्त सुन्दर सहर हो । नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१ बैशाख २५ को निर्णय अनुसार साविक ईश्वरपुर, बेला र भक्तिपुर गा. वि. स. मिलाई ईश्वरपुर नगरपालिका गठन भएकामा पूनः नेपाल सरकारले मिति २०७३।११।२७ देखि स्थानीय तह कार्यान्वयन गर्दा यस नगरपालिकामा साविक कालिन्जोर र गौरीशंकर गा. वि. स. क्षेत्र समेटेर कूल १५ वडा कायम भएकोछ । यस नगरपालिकाको क्षेत्रफल १६३.८३ वर्ग किलोमिटर रहेको छ । करिब १३,००० भन्दा वढी घरधुरी रहेको यस नगरपालिकाको जनसंख्या करिब ७०,००० रहेको छ ।

५. परापूर्व काल देखि नै यस ईश्वरपुरका बासिन्दाको मूल पेशा कृषि, पशुपालन तथा मत्स्यपालन रहेको पाईन्छ । मधेशी, मुस्लिम, चौधरी र पहाडी समुदायहरूका आ आफ्नै विशिष्ठ संस्कृति र सभ्यताको बाहुल्यता रहेको यस नगरी बहु जाति भाषा र धर्मका वीच सौहार्दता र सहकार्यको गौरबसाली नमूनाका रूपमा रही आएको छ । खाद्यान्न व्यापार तथा पशुहाटका लागि यस नगरपालिका प्रख्यात रही आएको छ ।

६. ईश्वरपुरलाई आजको अवस्थामा पुऱ्याउन हाम्रा आदरणीय अग्रज नेताज्यूहरू, समाजसेवीहरु तथा यस नगरपालिकाका आदरणीय आमा बुबा, दिदिबहिनी र दाजुभाईको परिश्रम र पसिना बगेको छ । हामी वहाँहरु सवै प्रति ऋणी छौं । म उहाँहरू सबै प्रति सम्मान व्यक्त गर्दछु ।

७. आज हामी नगरको गौरवशाली ईतिहास र समृद्ध भविष्यको बीचमा उभिइरहेको छौ । यस नगरलाई शान्त, संवृद्ध र आधुनिक सुविधा सम्पन्न नगरका रूपमा विकास गर्नका लागि यहाँहरूका वीच २०७४ पौष २४ गते सम्पन्न पहिलो नगर सभामा मैले ***"माछा तथा अन्न भण्डार र कृषी पर्यटकीय नगर ईश्वरपुरको शानः सफा, हराभरा, समुन्नत र उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण हाम्रो अभियान"*** भन्ने दीर्घकालीन सोच (**Vision**) तथा लोकतान्त्रिक प्रकृयाको अभ्यास र विकास गर्दै पारदर्शी व्यवहार, जनउत्तरदायित्व बोध र जनताको सहभागितामा आधारित उच्च, गुणस्तरीय र सम्मुन्नत नागरिक समाजको स्थापना गर्ने दीर्घकालीन लक्ष्य (**Mision**) लाई

व्यवहारिक रुपमा साकार पार्ने तर्फ केन्द्रित हुनेगरी नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको थिए ।

८. आज पूनः हाम्रा विगतका प्रयास र उपलब्धी, वर्तमानका समस्या र चुनौति तथा भविष्यका सम्भावनाहरूको समिक्षा सहित आ. ब. २०७५।७६ को नगरको नीति तथा कार्यक्रम यहाँहरुको वीचमा प्रस्तुत गर्न पाउँदा मलाई गौरब लागेको छ ।

९. प्रमुख अतिथीज्यू, बिशिष्ठ अतिथीज्यूहरू र सम्पुर्ण सरोकारवालाहरु समक्ष यस नगरलाई सुरक्षित, सफा, हराभरा, सम्बृद्ध र सबैको ईश्वरपुर निर्माणकालागि नगरपालिका परिवार अफ्न सक्रिय भई, उच्च मनोबल र इमान्दारिताका साथ सधै लागि पर्ने छ भन्ने बिश्वास दिलाउन चाहन्छु । हामी सबैलाई यस दिशामा अगाडि वढ्न यहाँहरु सबैको रचनात्मक सुझाब तथा सहयोगका लागि हार्दिक अनुरोध गर्न चाहन्छु । ईश्वरपुर नगरलाई यस २ नं प्रदेश मै सामाजिक सद्भाव, सहिष्णुता, सहकार्य र आधुनिक शहरको उदाहरण बनाउन यहाँहरुको सदा सहयोग र मार्गदर्शन रहने कुरामा नगरपालिका परिवारको अटल विश्वास रहेको तथ्य पनि अनुरोध गर्दछु ।

**आदरणीय प्रमुख अतिथिज्यू तथा बिशिष्ठ अतिथिज्यूहरू**

१०. अव म गत आ.ब. २०७३।७४ र चालु आ.व.०७४/७५ को प्रगति समिक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु :

१०.१. आ.ब २०७३/७४ मा नेपाल सरकारबाट विभिन्न शिर्षक अन्तर्गत रू १५ करोड ४५ लाख ६१ हजार ९१० र पैसा ८३ अनुदान, आन्तरिक राजस्व रू ७१ लाख ७० हजार ६०१ र ८९ पैसा र राजस्व वाँडफाँडबाट रू ४२ लाख ६८ हजार ६८७ र ३३ पैसा प्राप्त भएकोमा पूजीगत खर्च तर्फ रू. १० करोड ६० लाख २० हजार ०३९ र पैसा ०१ र चालु खर्च रू.४ करोड ९६ लाख ७६ हजार खर्च भएको व्यहोरा निवेदन गर्दछु ।

१०.२. आ. ब. २०७४।७५ का लागि नेपाल सरकारबाट समानीकरण अनुदान रू २९ करोड ९७ लाख ४८ हजार, सशर्त अनुदान रू १९ करोड ८५ लाख ६६ हजार रूपैया प्राप्त भएको थियो । त्यसै गरी आ.ब. २०७४।७५ मा सामुदायीक विकास कार्यक्रम (LGCDP) तर्फ रू १५ लाख ४५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रममा रू ४ लाख २९ हजार प्राप्त भएकोछ । आ.ब. २०७३।७४ को मौज्दात रू २ करोड १४ लाख ९४ हजार ९०२ रूपैया र २९ पैसा प्राप्त भएको थियो । चालु आ. ब. २०७४।७५ मा रू १ करोड २७ लाख ४२ हजार आन्तरिक राजश्व परिचालन र रू ६ करोड नगर विकास कोषबाट ऋण परिचालन गर्ने लक्ष सहित कुल रू ५६ करोड २२ लाख ३८ हजार ९०२ र पैसा २९ आर्थिक स्रोत परिचालन गर्ने लक्ष लिईएको थियो । प्रथम नगर सभा पश्चात स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा अन्तर्गत रू १ करोड ७ लाख ९१ हजार थप निकासा प्राप्त भई कुल रू ५७ करोड ३० लाख २९ हजार ९०२ र पैसा २९ चालु आ. ब. को कुल स्रोत कायम भएकोछ । यसैले चालु आ. ब. २०७४।७५ मा चालु खर्च रू २२ करोड ५५ लाख ८३ हजार ६४० र पूँजीगत खर्च रू ३३ करोड ६६ लाख ५५ हजार २६२ र पैसा २९ गरी कुल रू ५६ करोड २२ लाख ३८ हजार ९०२ र पैसा २९ को बजेट प्रथम नगर सभा समक्ष प्रस्तुत गरिएकोमा सो मा सशर्त अुदान तर्फको रू १ करोड ७ लाख ९१ हजार थप भएकोले चालु खर्च बजेट बृद्धि भई रू २३ करोड ६३ लाख ७४ हजार ६४० कायम भएकोछ । चालु आ.ब. मा मिति २०७५।३।८ गते सम्म रू ८५ लाख ८७ हजार ९५२ र पैसा ७४ राजश्व आय प्राप्त भएको व्यहोरा यस गरिमामय सभामा जानकारी गराउँदछु । हाल सम्म चालु खर्च तर्फ रू १९ करोड ५३ लाख १० हजार ८७२ र पैसा ७१, पूजीगत खर्च रू ४ करोड १ लाख ९९ हजार १७४ व्यय भै रू २७ करोड ७५ लाख १९ हजार ८५५ रूपैयाँ ५८ पैसा बैंक तथा संचित कोषमा मौज्दात रहेको छ । नगर विकास

कोषबाट प्रस्तावित ऋण रू ६ करोड स्वीकृत भएको तर रकम प्राप्त भै नसकेको तथ्य सभालाई अवगत गराउँदछु । चालु आ. ब. को बाँकी अवधिमा पूँजिगत खर्च तर्फ रू २० करोड ८० लाख र चालु खर्च तर्फ रू ३ करोड ८३ लाख ४७ हजार ८६४ गरी रू २४ करोड ६३ लाख ४७ हजार ८६४ खर्च भई आ. ब. २०७४।७५ मा कुल रू ४८ करोड १८ लाख ५७ हजार ९१० र पैसा ७१ खर्च हुने संसोधित अनुमान पेश गरेकोछु । चालु आ. ब. मा लक्ष अनुसार राजश्व संकलन हुन गै कुल रकम रू ३ करोड ११ लाख ७१ हजार ९९१ र पैसा ५८ बचत हुने संसोधित अनुमान रहेकोछ ।

१०.३. चालू आ.ब. मा स्थानीय सरकारको निर्वाचन प्रथम चौमासिकको अन्त्यतिर मात्र भएको, प्रथम नगरसभा पौषको अन्त्यमा मात्र भएको तथा नगरपालिकाको प्राविधिक जनशक्ती कमी रहेको कारण लक्ष अनुसार कार्यक्रम सम्पन्न हुन कठिनाई भएकोछ । नगरसभाबाट पूँजीगत तर्फ जम्मा ३९६ बटा कार्यक्रम स्वीकृत भएकोमा हाल सम्म ३६ बटा सार्वजनिक खरिद ऐन नियमानुसार दरभाउपत्र, शिलवन्दी दरभाउपत्र र खुला बोलपत्र प्रक्रियाद्धारा अगाडि बढाईएकोमा कार्यसम्पन्न गरी नगरपालिकालाई हस्तान्तरण हुने अवस्थामा रहेको व्यहोरा यस गरिमामय सभालाई जानकारी गराउँदछु । अन्य परियोजनाहरू स्थानीय उपभोक्ता समिति मार्फत सञ्चालनमा रही कार्य सम्पन्न हुँने चरणमा छन ।

११. गत आर्थिक बर्ष देखि स्थानीय सरकारको आय व्ययको लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुने संबैधानीक प्राबधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासनमा सुधार आउने विश्वास लिएकोछु । यसका साथै भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिई बित्तिय अनुशासन कायम गर्न निर्वाचित जनप्रतिनिधि तथा सम्पूर्ण नगरपालिका परिबार लागि पर्ने कुरामा सबैलाई आश्वस्त पार्न चाहन्छु ।

**१२. प्रमुख अतिथीज्यू तथा विशिष्ट अतिथि महानुभावहरु :**

अब म आ.व. ०७५/७६ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत मार्गदर्शन, आधार र अपनाईएका पद्धति यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**१२.१. नीतगत मार्गदर्शन तथा आधारहरू :**

- प्रथम नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरूको हालसम्मको प्रगती र बाधा अवरोधहरू ।
- नेपालको संविधान, २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्वन्धी विषय तथा प्राथमिकताहरु ।
- नेपालको संविधान, २०७२ को अनुसुची ८ तथा ९ ले स्थानीय सरकारका लागि तोकेको राजस्व परिचालन सम्वन्धी खाका, खर्च जिम्मेबारीको क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ का व्यवस्थाहरू,
- त्रिवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य एवं उद्देश्यहरु, रणनीति तथा कार्यक्रमहरू
- दिगो विकासको रणनीतिले अङगीकार गरेका प्राथमिकताहरु ।
- नेपाल सरकार अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, एवं प्रदेश सरकारबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरु ।
- बिकासका समसामयिक मुद्दाहरू: सामाजिक सशक्तिकरण र समावेशीकरण, सामाजिक न्याय र सुरक्षा, समावेशी र वालमैत्री तथा वातावरणमैत्री स्थानीय विकास, आधारभूत स्वास्थ्य सेवा,

गुणस्तरिय शिक्षा र पूर्ण शाक्षरता, खाद्य तथा पोषण सुरक्षा, सरसफाई, स्थानीय पूर्वाधार विकास, टोलबस्ती विकास, आधाभूत शहरी पूर्वाधार विकास, दिगो बिकास, विपद व्यवस्थापन, जलवायू परिवर्तन व्यवस्थापन लगायतका अन्तरसम्वन्धित विषयहरू ।

- वडास्तरीय योजना तर्जुमा भेलाबाट सिफारिस भै आएका नीति तथा कार्यक्रमहरू,
- विषयगत समितिहरू र योजना तर्जुमा तथा कार्यक्रम छनौट समितिबाट सिफारिस भै आएका नीति तथा कार्यक्रमहरू,
- स्थानीय राजस्व परामर्श समितिबाट प्राप्त नीतिगत तथा कार्यक्रम सम्वद्ध सिफारिसहरू,
- बजेट सीमा निर्धारण समितिको निर्णयहरू,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिस,
- विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि, विभिन्न सरोकारवाला सँगको छलफल तथा प्राप्त सुझावहरू,
- यस नगरपालिकाको प्रमुखको रुपमा जनतासंग मत माग्दा व्यक्त गरेका प्रतिवद्धता पत्र तथा समय समयमा जनतासंग गरेका वचनवद्धताहरु ।
- यस नगरपालिकामा निर्वाचित हुनु भएका पदाधिकारीहरूको प्रतिवद्धता पत्रहरू ।

## १२.२. नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताका क्षेत्रहरू

**सामाजिक विकासः** स्थानीय समुदायको सक्रिय सहभागितामा सामाजिक विकासका कार्यक्रमहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने ।

**आर्थिक बिकासः** लगानी मैत्री वातावरण प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन गरी आर्थिक क्रियाकलापमा स्थानीय सहभागिता वृद्धी तथा वाह्य लगानी प्रवर्द्धन गर्ने । स्थानीय आयस्रोतको दायरा बढाई नगरको आय बृद्धी गर्ने र स्थानीय प्राथमिकताका क्षेत्रमा लगानी बढाउँदै स्वावलम्बन हासिल गर्ने दिशामा उन्मुख हुने ।

**पूर्वाधार विकासः** आधुनिक शहरी सुविधायुक्त र विपद समुत्थनशील पूवाधारको विकास गरी आर्थिक सामाजिक विकासलाई तिव्रता दिने ।

**वातावरण तथा विपद व्यवस्थापनः** स्थानीय समुदायको वातावरण व्यवस्थापनमा सक्रिय सहभागिता बृद्धी गरी विपद जोखिम न्यूनीकरण तथा विपद पूर्व तयारी गर्दै जाने ।

**संस्थागत विकास सेवा प्रवाह र सुशासन प्रवर्द्धनः** जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धी गरी संस्थागत सुदृढीकरण गर्दै स्थानीय सुशासन प्रवर्द्धन गर्दै जाने ।

## १२.३. नीति तथा कार्यक्रमको उद्देश्यः

आ. ब. २०७५।७६ को नीति तथा कार्यक्रम तजुमा गर्दा निम्नलिखित उद्देश्य हासिल गर्ने लक्ष लिईएकोछः

- स्थानीय समुदायको क्षमता अभिवृद्धी गर्ने,
- स्थानीय समुदायको सशक्तिकरण, उत्प्रेरण, सहकार्य प्रवर्द्धन गरी सामाजिक समावेशीकरण तथा न्याय व्यवस्था प्रवर्द्धन गर्ने,
- स्थानीय सरकारबाट प्रदान गरीने शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका सेवालाई प्रभाबकारी, पारदर्शी र सहजै पहुचशील बनाउने
- स्थानीय वातावरण संरक्षण, संवर्द्धन गरी गराई विपद समुत्थानशील सामाजिक व्यवस्था कायम गर्ने,

- स्थानीय शान्ति, सुरक्षाको प्रवर्द्धन गरी लगानीमैत्री वातावरण तयार गर्ने,
- स्थानीय आय वृद्धी गरी स्थानीय विकास निर्माणलाई तिव्रता दिने,
- उद्योग, वाणिज्य र व्यापार सहजीकरण र विस्तार गर्ने,
- शहरी पूर्वाधार विकास गर्ने,
- संस्थागत क्षमता विकास गरी सार्वजनीक सेवा प्रवाह प्रभाबकारी र पारदर्शी बनाई सुशासन प्रवर्द्धन गर्ने,

**१२.४. नीति, कार्यक्रम छनौट तथा बजेट निर्माणका क्रममा अपनाईएका प्रक्रियाहरू**

नीति, कार्यक्रम छनौट, तर्जुमा र बजेट विनियोजन गर्दा जनसहभागिता सुनिश्चित गर्ने, स्थानीय आवश्यकताको प्राथमिकीकरण गरी सम्भब भएसम्म तीनको सम्वोधन गर्ने, सीमित स्रोत तथा साधनको महत्तम परिचालन गरी अपेक्षित उपलव्धी हाशिल गर्ने र स्थानीय स्तरमा सुशासन कायम गर्ने समेतका उद्देश्य राखी निम्न लिखित पद्धति अवलम्वन गरिएको व्यहोरा यस गरिमामय सभा समक्ष अवगत गराउँदछु:

- स्थानीय राजस्व परामर्श समितिकाट आ. ब २०७५।७६ का लागि नगरले लिने आर्थिक नीति तथा उठाउने राजस्वका दरहरूको सिफारिस,
- स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतका आधारमा स्रोत अनुमान तथा बजेट सीमा निधारण समितिबाट निर्णय,
- स्थानीय वडाहरूमा टोल वस्तीस्तर देखि वडास्तरीय भेला गराई छलफल बाट कार्यक्रम छनौट गरी गराई वडा अध्यक्ष मार्फत नगरपालिकामा वडास्तरिय कार्यक्रम तथा वजेट प्रस्ताव,
- नगरकार्यपालिकाको बैठकमा स्थानीय राजस्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट सीमा निर्धाण समितिको सिफारिसमाथि छलफल तथा निर्णय,
- बजेट तथा कार्यक्रम तर्जुमा समितिमा वडास्तरीय तथा नगरस्तरीय कार्यक्रममाथि छलफल गरी कार्यक्रम तथा बजेट यकिन । यसक्रममा नगरपालिकाका प्राविधिक कर्मचारीहरू संग प्रस्तावित कार्यक्रम तथा वजेट अनुमानमाथि छलफल गरी कार्यक्रम तथा वजेट अनुमानलाई सम्भवभएसम्म यथार्थपरक बनाउने प्रयास,
- नगरसभामा पेश गर्नका लागि आर्थिक विधेयक, २०७५ र विनियोजन विधेयक, २०७५ मस्यौदा तयारी,
- मस्यौदा आर्थिक विधेयक तथा विनियोजन विधेयकमाथि नगरकार्यपालिका बैठकमा छलफल परिमार्जन गरी नगरसभामा पेश गर्ने निर्णय

**१३. अव म हामीले आगामी बर्षको लागि प्रस्ताव गरेको स्रोत परिचालन नीति खाका र हामीले उच्च प्राथमिकता दिएका केही विषयहको बारेमा प्रकाश पार्न चाहन्छु :**

१३.१. आगामी आर्थिक बर्षको लागि नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान रू १५ करोड ६६ लाख, सशर्त अनुदान २० करोड १ लाख, राजश्व बाँडफाँडबाट रू १० करोड ८७ लाख ४८ हजार, बहुपोषण कार्यक्रम तर्फ रू १९ लाख ६४ हजार अनुदान रकम प्राप्त हुने जानकारी प्राप्त भएकोछ । यस्तै जेष्ठ नागरिक दिर्घसेवा सम्मान र सामाजिक सूरक्षा कार्यक्रमका लागि रू ६ करोड ३१ लाख प्राप्त हुने अनुमानछ । यसै गरी २ नं प्रदेश सरकारका तर्फबाट सशर्त अनुदान रू

१ करोड र समानीकरण अनुदान रू ३४ लाख १० हजार प्राप्त हुने जानकारी प्राप्त भएको छ । आगामी आ. ब. २०७५।७६ मा रू १ करोड ५० लाख आन्तरिक राजस्व परिचालन गर्ने अनुमान गरिएको छ । यसै गरी आगामी आ. ब. मा रू १ करोड ५० लाख जनसहभागिता परिचालन गर्ने लक्ष लिईएकोछ । त्यसैगरी चालु आ. ब. को बचत रकम रू ३ करोड ११ लाख ७१ हजार ९९१ र पैसा ५८ समेत यस बर्ष सुरू भै सम्पन्न हुन बाँकी कार्यक्रमहरू सम्पन्न गर्न, यस बर्ष स्वीकृत भई कार्य प्रारम्भ हुन नसकेका कार्यक्रम र आगामी आ. ब. मा प्रस्तावित कार्यक्रममा खर्च गर्ने गरी प्रस्ताव गरिएकोछ । उल्लिखित राजस्व आम्दानी, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, सशर्त अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, विषयक्षेत्रगत कार्यक्रमको बजेट, जेष्ठ नागरिक दिर्घ सेवा सम्मान र सामाजिक सुरक्षा भत्ता कार्यक्रको बजेट, स्थानीय राजश्व अनुमान तथा जनसहभागिता परिचालन, चालु आ.ब. को मौज्दात रकम र नगर विकास कोषबाट लिईने ऋण समेत गरी आ. ब. २०७५।७६ मा कुल रू ६६ करोड ५० लाख ९३ हजार ९९१ र पैसा ५८ स्रोत परिचालन गरिने अनुमान गरिएको व्यहोरा अवगत गराउँदछु ।

१३.२. हालसम्म नगरपालिकामा स्वास्थ्य सेवा, महिला तथा वालवालिका, आयुर्वेद, पशु सेवा, शिक्षा र कृषि विषय क्षेत्रमा कार्यरत स्थानीय जनशक्ति तथा कार्यक्रम हस्तान्तरण भै आएको व्यहोरा अवगत गराउँछु । नगरपालिकामा हस्तान्तरण हुने भनिएका अन्य कार्यक्रम तथा जनशक्ति के कति हस्तान्तरण भै आउँने छन भन्ने तथ्य हालसम्म एकिन भैनसकेको हुँदा र तिनले नगरपालिकाको वजेट सिमामा पार्ने प्रभावका बारे अनुमान गर्न सकिने अवस्था छैन् ।

१३.३. सशर्त अनुदान स्वरुप प्राप्त रु २० करोड १ लाख बाट संचालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरुमा निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुवहु स्वीकृत गरिएको छ । साथै बिषयगत शाखासँग छलफल गरी आवश्यकता तथा औचित्यताका आधारमा ती कार्यक्रममा समानीकरण अनुदानबाट थप रकम विनियोजन गरिनेछ ।

१३.४. गुणस्तरीय दिगो बिकास, सामाजिक सशक्तिकरण र समावेशीकरण र सुशासनका लागि स्थानीय जनताको क्षमता अभिवृद्धी गर्न अत्यावश्यक छ । यसैले उपलब्ध सीमत स्रोत र साधनबाट विकास निर्माणका आधार तयार गरी गुणस्तरीय र दिगो शहरी विकासलाई तिव्रता दिन नीति तथा कार्यक्रम परिलक्षीत भएको छ ।

१३.५. चालू आ. ब. को अनुभवसमेतका आधारमा उपलब्ध सीमित स्रोत र साधनको महत्तम उपयोग गरी नागरिकलाई सकारात्मक परिवर्तनको अनुभूति दिलाउने उद्देश्यले चालू कार्यक्रमहरूलाई आगामी बर्ष थप प्रभावकारी बनाई सञ्चालन गर्ने र स्थानीय आवश्यकता, सम्भावनाको सदुपयोग र शहरी आधाभूत आवश्यकतालाई नमूनाका रूपमा विकास गर्न क्रमशः नया कार्यक्रम लागू गर्दै जाने तथा कार्यक्रमको दायरा वृद्धी गर्दै जाने नीति ईश्वरपुर नगरपालिकाले लिनेछ ।

१४. **सामाजिक सशक्तिकरणका निति तथा कार्यक्रमहरु** :

१४.१ **शिक्षा, खेलकुद र मनोरञ्जन**

१४.१.१. **"सबैका लागि र सधैका लागि शिक्षा"** भन्ने नारालाई राष्ट्रिय साक्षरता अभियान, प्रौढ तथा अनौपचारिक शिक्षाका साथै विद्यालय भर्ना अभियानका माध्यमले सफल बनाईनेछ । यसका लागि गैञ्ह सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१४.१.२. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास र स्तारोन्नतीमा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१४.१.३. नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गर्दै विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, खानेपानी, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुदको व्यवस्था, सरसफाई आदिको प्रबन्ध विद्यार्थी संख्याको अनुपातमा शिक्षकको व्यवस्था क्रमश: व्यवस्थापन गर्दै लगिने छ । विद्यालयलाई शान्तिक्षेत्र बनाइनेछ ।

१४.१.४. सबै शिक्षण संस्थाहरुको सघन अनुगमन र नियमन गरी शिक्षा क्षेत्रमा हुने सबैखाले विकृती र लापरवाहीको अन्त्य गर्दै गुणस्तरीय शिक्षामा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ ।

१४.१.५. नगर क्षेत्रमा कक्षा ८ को परीक्षा र SEE मा उत्कृष्ट नतिजा ल्याउने शिक्षण संस्था र सर्वोउत्कृष्ट छात्रछात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गर्दै गरीब, जेहेन्दार र दलित छात्रछात्राहरुको उच्च शिक्षाको लागि आवश्यक पहललाई निरन्तरता दिईनेछ ।

१४.१.६. सम्पूर्ण विद्यालयहरुलाई अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्न प्रोत्साहन गर्दै उच्च शिक्षामा प्राविधिक शिक्षालाई जोड दिईनेछ ।

१४.१.७. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुदमा भाग लिने नगर क्षेत्रका उत्कृष्ठ खेलाडीहरु तथा जित हासिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकज्यूहरुलाई प्रोत्साहन गर्न उचित पुरस्कार र सम्मान गरिने नीतिलाई थप प्रभाबकारी बनाईनेछ ।

१४.१.८. खेलकुद क्षेत्रको विकास र प्रवर्द्धनका लागि नगरस्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गर्नुको साथै दर्तावाला वाल क्लब/वाल सञ्जाल तथा युवाहरुको क्लब, सञ्जालहरुलाई खेलकुद सामग्रीहरु वितरणको व्यवस्था मिलाईनेछ ।

१४.१.९. वालवालिकाहरुको पठन पाठनको गुणस्तरीय व्यवस्थापनको लागि वालमैत्री विद्यालय पूर्वाधारको विकासमा जोड दिईनेछ ।

१४.१.१०. नगरपालिकाको १५ वटै वडाहरूमा वडा समितिले सिफारिस गरेका समूह तथा वर्गकालागि पिछडिएका वर्ग शाक्षरता अभियान कार्यक्रम अन्तर्गत विद्यार्थीलाई पोसाक सहयोग, कापीकलम सहयोग, पिछडावर्गका अभिभावक शाक्षरता कार्यक्रम, जेहन्दार छात्रा सहयोग कार्यक्रम, अपाङ्गकालागि सामग्री सहयोग, डोमजातिका विद्यार्थीकालागि स्कूल व्याग सहयोग लगायतका कार्यक्रम गर्ने गराउने नीति लिईनेछ ।

१४.१.११. विद्यालय परिवारको सक्रिय सहभागितामा स्थानीय वातावरण संरक्षण कार्यक्रम, वातावरण र जलवायू परिवर्तन व्यवस्थापन सहयोग कार्यक्रम, राष्ट्रिय अन्तर्राष्ट्रिय दिवश कार्यक्रम जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१४.१.१२. खेलकुद विकासकालागि भौतिक पूर्वाधार तयारी, प्रतिभा पहिचान, प्रतियोगिता आयोजना तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

१४.१.१३. आगामी आ. ब. देखि सूचकका आधारमा विद्यालयको शैक्षिक उपलव्धी मापन गरी उपलव्धीका आधारमा अनुदान उपलव्ध गराउने नीति लिईनेछ ।

१४.१.१४. नगरका सबै विद्यालयलाई कुनै एक क्षेत्रमा विशिष्ठ केन्द्रको (Center of excillency) का रूपमा विकास गर्न आगामी वर्ष देखि कार्य प्रारम्भ गरिनेछ ।

## १४.२. स्वास्थ्य

१४.२.१. ईश्वरपुर नगरपालिका क्षेत्रमा जनस्वास्थ्यसँग सम्बन्धित कृयाकलापहरु संचालन गर्ने सबै सरकारी तथा गैऱ्ह सरकारी स्वास्थ्य संघसंस्था एवम् निजी क्षेत्रहरुसँग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सबैको पहुँच सुनिश्चित गरिनेछ ।

१४.२.२. प्रजनन् स्वास्थ्यलगायत महिलाहरुमा हुने विभिन्न रोगहरु एवम् हृदय रोग निवारणका लागि निशुल्क स्वास्थ्य शिवीर सञ्चालनको प्रवन्ध मिलाईनेछ ।

१४.२.३. नगर क्षेत्र भित्रका सबै स्वास्थ्य चौकीहरु एवम् आयुर्वेदिक औषधालयको स्तरोन्नतीको लागि पूर्वाधार र प्रविधीमा सुधार गरी नियमित रुपमा गुणस्तरीय स्वस्थ्य सेवा उपलब्ध गराउनका साथै बर्थिङ्ग सेन्टरहरुबाट चौबिसै घण्टा प्रसुती सेवा संचालनको व्यवस्था मिलाईनेछ ।

१४.२.४. नगरको पोषण अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण कार्यक्रमसँगको साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरी कुपोषण अन्त्य गरिनेछ ।

१४.२.५. ईश्वरपुर बजारमा निर्माणाधिन अस्पताल भवन आ.ब. २०७५।७६ भित्र सम्पन्न गराई सेवा प्रवाह गरिनेछ ।

१४.२.६. सर्वसाधरणको लागि स्वास्थ्य चौकीहरु मार्फत निःशुल्करुपमा उपलब्ध गराईने औषधी तथा अन्य सेवाहरु पारदर्शीरुपमा वितरणको व्यवस्था मिलाईनेछ ।

१४.२.७. HIV/AIDS तथा अन्य सरुवा रोगहरु नियन्त्रणका लागि विभिन्न स्वास्थ्य संस्थाहरुको सहयोग, समन्वय र साझेदारीमा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.२.८. आयुर्वेदिक उपचार पद्धतीको स्तारोन्नतीका साथै नगर क्षेत्रभित्र आयुर्वेदिक चिकित्सा प्रणाली र योग शिक्षा संचालन गर्नेलाई सहयोग र प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

## १४.३. खानेपानी र सरसफाई

१४.३.१. नगर क्षेत्र भित्र खानेपानी र सरसफाईको कठिनता मापन गरी खानेपानी र सरसफाई सम्बन्धी आयोजना र कार्यक्रमहरु संचालन गरिनेछ ।

१४.३.२. ईश्वरपुर नगरपालिकालाई आगामी आ. ब. भित्र खुला दिशामुक्त क्षेत्र घोषणा गराउन सरकारी, गैर्ह सरकारी संघ संस्था, निजी क्षेत्र, नागरिक समाज एवम् संचारकर्मीहरु समेत परिचालन गरिनेछ ।

१४.३.३. नगर कार्यपालिका र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधा र सेवा प्रवाहमा सरसफाई कार्डलाई अनिवार्य गर्दै अन्य संघ सस्था र कार्यालयको सेवा प्रवाहमा समेत सरसफाई कार्डलाई पूर्व शर्त मानी सेवा प्रवाह गर्ने व्यवस्था मिलाई चर्पी बनाउन अटेर गर्नेलाई नगरपालिकाबाट प्रदान गरिने सबै सेवा रोक्का गरिनेछ ।

१४.३.४. सरसफाई सम्बन्धी बानी र व्यवहार परिवर्तन गर्नका लागि सबै वडामा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४.३.५. यसैगरी स्थानीय स्तरमा स्वास्थ्य तथा सरसफाई सम्वन्धी चेतना वृद्धी र गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्नका लागि स्थानीय स्वास्थ्यकर्मीबाट विद्यालयका छात्राहरूलाई किशोरी शिक्षा सम्वन्धमा क्षमता वृद्धि गरी छात्राहरूलाई १५ वटै वडाका समुदायमा किशोरी शिक्षा प्रदान गर्न परिचालन गरिनेछ । त्यसै गरी १५ वटै वडामा कार्यान्वयन गर्ने गरी गृहिणी सँग पानी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४.३.६. उपभोक्ता हित प्रवर्द्धन कार्यक्रम अन्तर्गत १५ वटै वडामा सञ्चालन गर्ने गरी फोहरमैला व्यवस्थापन सम्बन्धि तालिम, खाद्यपदार्थ र बालअधिकार सम्बन्धि तालिम र सवारी सुरक्षा सम्बन्धि तालिम कार्यक्रम प्रस्ताव गरी बजेट विनियोजन गरेको छु ।

१४.३.७. सबै नगरबासीको स्वच्छ खानेपानीमा सुलभ पहुँच सुनिश्चित गर्न खानेपानीको स्रोत संरक्षण, नयाँ स्रोतको खोजी र खानेपानी वितरण प्रणाली निर्माण तथा विस्तार गर्ने कार्य आगामी आ. ब. मा सुरू गरिने छ।

## १४.४. संस्कृती प्रवर्द्धन

१४.४.१. विभिन्न धर्म, संस्कृती, चाडपर्व, कला र रितीरिवाजलाई बचाई राख्न सम्बन्धित धार्मिक पूर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र स्तरोन्नती गरी पूजा-पाठ, मेला संचालन वा अन्य प्रवर्द्धनात्मक कार्यमा सहयोग पुऱ्याईने नीतिलाई निरन्तरता दिईनेछ।

१४.४.२. नगर सूचना केन्द्रलाई व्यवस्थित गरिनुका साथै निजी क्षेत्र समेतको सहकार्यमा नगर क्षेत्र भित्र पुस्तकालय/वाचनालय स्थापना र संचालनलाई निरन्तरता दिईनेछ।

१४.४.३. विभिन्न धर्म, संस्कृती, कला र साहित्यको विकास र संरक्षणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालनमा सहयोग गरिनेछ।

१४.४.४. ईश्वरपुर नगरको ऐतिहासिक तथा साँस्कृतिक मूर्त तथा अमूर्त संस्कृतिक सम्पदाहरुको संरक्षण तथा संवर्द्धनमा विद्यालय परिवार र स्थानीय क्लवलाई परिचालन गर्ने नीति लिईनेछ।

## १४.५. महिला, वालिवालिका तथा अन्य लक्षित समुह

१४.५.१. विपन्न र पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तिकरण, क्षमता विकास र नेतृत्व विकास सम्बन्धी कार्यक्रमहरु सबै वडामा सञ्चालन गरिनेछ।

१४.५.२. महिला र वालवालिका क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वयम सेविकाहरुको सम्मान र प्रोत्साहनका लागि साविक बमोजिम उपलव्ध गराईएको पोषाक सुविधा का साथै मासिकरुपमा प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई क्रमसः बृद्धी गरिनेछ। आगामी आ. ब. मा रू ७००।०० पुऱ्याईनेछ।

१४.५.३. महिला लक्षित पूर्वाधार विकासमा आवश्यक बजेट व्यवस्थापन गरी महिलाहरु कै सहभागितामा आयोजना सञ्चालनको व्यवस्थालाई निरन्तरता दिईनेछ।

१४.५.४. वालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत गर्न वाल बचाउ, वाल संरक्षण, वाल विकास र अर्थपूर्ण वाल सहभागिता जस्ता वाल अधिकारका सवाललाई आन्तरिकीकरण गर्दै स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रकृया एवम् योजना तर्जुमा, श्रोतको विनियोजन, कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा विशेष ध्यान पुऱ्याउदै यथाशिघ्र यस नगरलाई वालमैत्री नगर बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

१४.५.५. अपाङ्गता भएको व्यक्तिहरुको लगत संकलन गरी आवश्यक शीपमुलक तालिम र सहायता सामग्रीमा सहयोग गर्दै आत्मनिर्भर बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

१४.५.६. जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवम् सामाजिक सुरक्षामा विशेष जोड दिईनेछ।

१४.५.७. दलित एवम् आदिवासी जनजाति, मुस्लिम र पिछडा वर्गहरुको हक अधिकारको प्रवर्द्धन एवम् शीप, क्षमता अभिबृद्धीका कार्यक्रमहरु सञ्चालन गर्दै उक्त समुदालाई फाईदा पुग्ने विशेष पूर्वाधार निर्माणमा जोड दिईनेछ।

१४.५.८. लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरी संस्थागत तथा व्यक्तिगत क्षमता विकासमा विशेष जोड दिईनेछ ।

१४.५.९. नगरमा सामाजिक सशक्तिकरण, उत्प्रेरणा र सामाजिक आर्थिक विकासमा स्थानीय स्रोत तथा साधनको अधिकतम परिचालनकालागि स्थानीय रूपमा उपलव्ध विशेषज्ञबाट स्थानीय यूवा यूवतीको क्षमता बिकास गरी समुदायको क्षमता विकासमा परिचालन गर्ने नीति लिईने छ ।

१४.५.१०. यसैगरी स्थानीय **रोजगारी प्रवर्द्धन तथा उद्दमशीलता बिकास**कालागि १५ वटै वडाका छनौट भएका यूवालाई **यूवा उद्दमशीलता तालिम** प्रदान गरिनेछ । यसबाट ईश्वरपुर नगरपालिका भित्रका ६०० यूवा लाभान्वित हुने अपेक्षा गरिएको छ । यस्तै गरी बैदेशिक रोजगारबाट घर फर्कीएका यूवालाई स्थानीय विकास तथा रोजगारी प्रवर्द्धनमा अभिप्रेरित गर्नका लागि छनौट भएका ५ यूवालाई **वैदेशिक उद्दमशीलता सदुपयोग कार्यक्रम अन्तर्गत सहयोग गरिनेछ** । १५ वटै वडाका कूल ३०० यूवालाई **वैदेशिक रोजगारी अभिमुखीकरण तालिम** दिईनेछ ।

१४.५.११. हाम्रा यूवाहरू विकासका संवाहक हुन । नागरिकमा रहेको प्रतिभा विकासको आधार, तथा पहिचानको धरोहर हुन । यसैले ईश्वरपुरमा रहेको प्रतिभा पहिचान गरी तीनको विकास प्रसार र सदुपयोग गर्नकालागि **ईश्वरपुरको प्रतिभा हाम्रो गौरब** नामक **प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ** । यस कार्यक्रम अन्तर्गत विद्यालयले पेश गरेको परियोजना प्रस्तावका आधारमा **अन्तरविद्यालय गित, संगीत, नाच, चित्रकला, बक्तीत्वकला, क्रिकेट, भलिवल र फुटवल लगायतका प्रतियोगिता आयोजना गर्न विद्यालयलाई आर्थिक सहयोग प्रदान गरी विद्यालयले कार्यक्रम** सँचालन गर्ने प्रस्ताव गरेकोछु । यसैगरी सबैले नगरका सबै उमेरसमुहका मानिसले भागलिन पाउने गरी **नगरस्तरीय सांस्कृतिक कार्यक्रम, ईश्वरपुर रनिंग शिल्ड क्रिकेट, भलिवल, फुटवल, कबर्डी प्रतियोगिता, मेयर कप प्रतियोगिता सञ्चालन गरिनेछ** ।

१४.५.१२. यसैगरी स्थानीय यूवाहरूलाई रचनात्मक कार्यमा अभिप्रेरित तथा परिचालन गरी व्यक्तित्व विकास तथा नगरको विकासमा सक्रिय गराउने उद्देश्यले सबै वडामा सञ्चालन गर्न **शान्त, सुरक्षित र सुन्दर हाम्रो ईश्वरपुर कार्यक्रम** प्रस्ताव गरी बजेटको व्यवस्था गरेको छु ।

१४.५.१३. नगरपालिका भित्र संचालन हुने कार्य तथा कृयाकलापहरुमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लिईनेछ । आ. ब. २०७६।७७ देखि नगरपालिका भित्रका सबै वडाहरुलाई बालश्रम मुक्त घोषणा गर्न आवश्यक तयारी गरिने छ ।

१४.५.१४. एकल महिला, अपाँङ्गता भएका ब्यक्ति, द्बन्द पिडीत, घरवार विहिन, तथा अति गरिव लगायत आर्थिक सामाजिक रुपमा पडाडि परेका परिवारका सदस्यहरूका लागि स्वोजगारमुलक तालीम संचालन गरिनेछ ।

१४.५.१५. लक्षित बर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याउनका लागि नगरपालिकामा महिला परिषद, युवा परिषद, दलित परिषद, आदिवासी जनजाति परिषदहरुको गठन गरिनेछ । परिषदको कार्यविधि र नगरपालिकाले स्वीकृत गरी लागु गरिनेछ ।

१४.५.१६. युवाहरूलाई रूपान्तरणका संबाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका जिम्मेवारी सम्हाल्न युवा नेतृत्व विकास गरिने

छ । उद्यमशिलताको प्रवर्धन, तुलनात्मक लाभका क्षेत्रहरुको खोजी र पहिचान तथा व्यवसाय थालनी परामर्श केन्द्र स्थापना गर्न आवश्यक तयारी गरिनेछ ।

१४.५.१७. जेष्ठ नागरिक, एकल र विधवा महिला, असक्त अपाङ्ग र बालवालिकालाई नेपाल सरकारवाट प्रदान गरिदै आएको सामाजिक सुरक्षा भत्ता समयमै सुलभ तौरतरिकावाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान अनुभवलाई उपयोग गरिने कार्यक्रमहरु आगामी वर्षदेखि संचालन गरिनेछ ।

१४.५.१८. ६० वर्ष माथिका नागरिकहरूलाई निशुल्क रूपमा जेष्ठ नागरिक परिचयपत्र प्रदान गरिनेछ । यस कार्य बाट सार्वजनिक यातायातमा ५० प्रतिसत छुट तथा औषधी उपचारमा पनि सहुलियत प्राप्त हुने विश्वास लिईएकोछ ।

१४.५.१९. दलित समुदायमा जन्मेको शिशुको ३५ दिन भित्र जन्म दर्ता गराउने दलित परिवारलाई दिईएको रु. १,०००।०० जन्म दर्ता प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेनेछ ।

१४.५.२०. दलित तथा अति विपन्न परिवारलाई नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारका सिफारिस शुल्कमा ५० प्रतिशत छुट निरन्तर दिईनेछ ।

## १५. आर्थिक विकासको नीति तथा कार्यक्रमहरू:

### १५.१. कृषी र पशु विकास

१५.१.१. गरीबी न्यूनिकरण र रोजगारी सृजनाका लागि निर्वाहमुखी कृषी प्रणालीलाई व्यावसायिक कृषी प्रणाली तर्फ उन्मुख गर्ने नीतिलाई थप प्रभावकारी बनाईनेछ ।

१५.१.२. विभिन्न किटनाशक औषधी र रासायनिक मलखादलाई निरुत्साहित गर्न अर्गानीक तरकारी खेती तथा प्राङ्गगारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै युवा स्वारोजगार कार्यक्रम थप प्रभाबकारी बनाईनेछ ।

१५.१.३ माटोको उर्वरा शक्ती बढाउन आवश्यक माटो परिक्षणको व्यवस्था मिलाई उन्नत विउ विजन तथा प्रविधीमा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१५.१.४ उन्नत पशुपालन, पशु विमा, गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु गरिब विपन्न तथा पिछडाबर्गको क्षेत्रमा केन्द्रित गरिनेछ ।

१५.१.५. कृषी पकेट क्षेत्रलाई आधार लिई एक नगर एक उत्पादनको लागि व्यवसायिक माछा पालन र खाद्यान्न उत्पादनमा प्रोत्साहन गर्ने नीतिलाई थप प्रभाबकारी बनाई निरन्तरता दिईनेछ ।

१५.१.६ कृषी तथा पशुजन्य उत्पादनको बिक्री वितरणको लागि सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरी बजारीकरणको व्यवस्था मिलाईनेछ ।

१५.१.७. कृषिको आधुनिकीकरण तथा व्यावसायीकरणकालागि स्थानीय कृषकलाई प्रविधी प्रसार, विउ पूँजी सहयोग तथा सिंचाईको सुविधा बढाउने नीती लिइने छ । आर्थिक विकासकालागि अध्ययन गराई नयाँ सम्भावनाहरूको परिचान गरी केन्द तथा प्रदेश सरकारको नीति अनुसार विकास साझेदारको सहयोग परिचालन गरिने छ ।

१५.१.८. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा कृषी सिंचाई र विद्युतको संयुक्त कार्यक्रम बनाई अधिकतम लाभ लिने प्रकृया लाई निरन्तरता दिईनेछ ।

१५.१.९. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई थप प्रभावकारी रूपमा अगाडी बढाउन आवश्यक पहल गरिनेछ ।

### १५.२. उद्योग, वाणिज्य तथा पर्यटन

१५.२.१. उद्योगी व्यापारीहरुको हकहित संरक्षण र सुरक्षाका लागि उचित बजार व्यवस्थापन एवम् बजार क्षेत्रमा सिसि क्यामरा जडानका साथै थप सौर्य सडक वत्तीको व्यवस्थापन गर्दै लगिनेछ ।

१५.२.२. उपभोक्ता हकहित संरक्षणलाई ध्यान दिई स्थानीय प्रहरी प्रशासन, उद्योग वाणिज्य संघ, संचारकर्मी र सरोकारवाला निकायहरुसँग समन्वय गरी बजारमा हुने कृत्रिम अभाव, कालो बजारी र एकाधिकारलाई नियन्त्रण र निरुत्साहित गर्ने कार्यलाई थप प्रभावकारी र नियमित बनाईनेछ ।

१५.२.३. आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वडा नं. १२ को राजारानी डाडामा भ्यू टावर निर्माण एवम् कालिञ्जोर नयाँ टोल नजिक जंगल छेउको चौर एवम् वडा नं. ४ को सागरनाथ वन विकास विकास परियोजनाको सागरनाथ मन्दिर आसपासमा पिकनिक स्पोट निर्माणका साथै वडा नं. ६ को दस विगाहालाई नगर उद्यानको रुपमा विकास गर्न संभाव्यता अध्ययनका आधारमा कार्य प्रारम्भ गरिनेछ । पर्यटन प्रवर्द्धन हुन सक्ने अन्य सम्भावित ठाउँहरुको पहिचान गरी आवश्यक पूर्वाधारको विकास अघि बढाईनेछ ।

१५.२.४. वडा नं. ९ को रामनगर थारु वस्ती, वडा नं. १० को बेला थारु वस्ती, वडा नं. १२ कालिञ्जोर र वडा नं ४ सागरनाथको मगर/तामाङ्ग वस्तीहरु र वडा नं. १३ को कोईरी टोल नजिक स्थानीय कला, संस्कृतीको वचाउ र आय आर्जनका लागि होमस्टे सञ्चालनका लागि सम्भाव्यता अध्ययनका आधारमा कार्य अघि बढाईनेछ ।

१५.२.५. ईश्वरपुरको पहिचानको रुपमा रहेको वडा नं. ६ को फूलजोर बाबा मन्दिर, वडा नं. ४ को सागरनाथ महादेव मन्दिर, वडा नं. १२ को राजारानी मन्दिर, वडा नं. ११ र १३ को ब्रम्हस्थान मन्दिरहरुको संरक्षण र प्रवर्द्धन कार्य थप प्रभाबकारी बनाईनेछ ।

१५.२.७. उद्योग स्थापना गर्दा स्थानीय श्रोत, साधन र रोजगारीलाई प्राथमिकता दिदै प्रदुषण नियन्त्रणमा विशेष ध्यान दिने नीतिलाई निरन्तरता दिईनेछ ।

१५.२.८. कृषि तथा फलफुल पैदावारमा आधारित घरेलु तथा साना उद्योग स्थापना गर्न चाहने लगानीकर्तालाई कर छुटका माध्यमद्धारा प्रोत्साहन गर्ने नीति लिईनेछ ।

### १५.३. सहकारी, वित्तिय र अन्य क्षेत्र

१५.३.१. लघु उद्यम विकासको माध्यमबाट गरिबी निवारणका लागि विभिन्न आयमुलक तथा शीपमुलक कार्यक्रमहरु सञ्चालन गर्न निजी क्षेत्र समेतको सहकार्यमा आवश्यक व्यवस्था मिलाईदै लगिनेछ ।

१५.३.२. सर्वसाधरण जनताको बैकिङ्ग सेवामा पहुँच बृद्धी गर्नकालागि नगर क्षेत्रमा बैंक तथा वित्तिय संस्थाहरु स्थापना र संचालन गर्न प्रोत्साहन दिने नीति अवलम्बन गरिनेछ ।

१५.३.३. सहकारी र वित्तिय क्षेत्रको विकास र विस्तारकालागि आवश्यक नीतिगत व्यवस्था यसै सदनमा पेश गरिनेछ ।

१५.३.४. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने आर्थिक प्राविधिक सहयोगलाई पारदर्शी र प्रभावकारी उपयोग गरी नगरमा आर्थिक विकासलाई तिव्रता दिने नीति लिईने छ । आर्थिक विकासका कार्य गर्दा वातावरण संरक्षण, जलवायू परिवर्तनका असर न्यूनीकरण, रोजगारी वृद्धी, गरिवी न्यूनीकरण तथा सामाजिक समावेशीकरणमा जोड दिईने छ । विकास निर्माणमा स्थानीय सहभागिता वृद्धी गर्ने नीति लिईनेछ ।

१५.३.५. उद्दमशीलता विकास गरी आय आर्जन गर्न समुदायको क्षमता विकास गरी परिचालन गरिने छ ।

१५.३.६. ईश्वरपुर नगरपालिकाका प्रत्येक वडाहरूमा सडक स्तरोन्नती, सडक वत्ति, तथा अन्य आकस्मिक मर्मतका कार्यहरु तथा तत्काल आवश्यक पर्ने खालका योजनाहरु संचालन गर्न वडाबाट कार्यक्रमहरूको अनुगमन गर्ने गरी बडाबाट प्राप्त कार्यक्रमहरूका लागि आवश्यक बजेट प्रस्ताव गरिनेछ । समानुपातिक, समन्यायिक, दिगो तथा सन्तुलित विकासका लागि बस्ती, टोललाई सशक्तिकरण गरी परिचालन गर्न वडामा बढीमा ६० लाखको योजना तथा कार्यक्रमहरु पर्ने गरी वजेटको वाडफाड मिलाईनेछ । यसरी वडालाई उपलव्ध गराईने बजेट सीमा भित्र रही रू २५ लाख सम्म लागतको एक पूर्वाधार निर्माणको कार्यक्रम र रू १० लाख सम्मलागतको सामाजिक सशक्तीकरण तथा लक्षित कार्यक्रम राख्न वडालाई अनुरोध गरिनेछ । यसका अतिरिक्त वडाकार्यालय व्यवस्थापन तथा सञ्चालनकालागि प्रत्येक वडालाई बजेटको छुट्टै व्यवस्था समेत प्रस्ताव गरिनेछ ।

## १६. पूर्वाधार विकास क्षेत्रका नीति तथा कार्यक्रमहरु

१६.१. चालु आ.ब. मा सुरू गरी सम्पन्न हुन बाँकी योजनाहरूलाई प्राथमिकतामै राखी आगामी आ. ब. मा सम्पन्न गरीनेछ ।

१६.२. जन चाहना अनुसार दीगो र नतिजामुलक पूर्वाधार विकासका लागि नगर यातायात गुरु योजना, खानेपानी तथा सरसफाई गुरु योजना, आवधिक नगर विकास योजना, भू-उपयोग योजना एवम् प्रकोप व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा जोड दिईने नीतिलाई निरन्तरता दिईनेछ ।

१६.३. ईश्वरपुर नगरपालिकालाई आधुनिक सुविधा सम्पन्न नमूना सहर बनाउनका लागि एकिकृत नगर विकास योजना तर्जुमा गर्न आवश्यक पर्ने नगरपार्श्व चित्र, भूउपयोग नीति, फोहरमैलालई मोहोरमा परिणत गर्न अध्ययन गराई कार्य अगाडि बढाईनेछ । अध्ययन प्रतिवेदनका आधारमा आगामी आ. ब का योजना बढी यथार्थपरक र कार्यान्वयनशील हुन गै नगरको सामाजिक आर्थिक विकास तिव्र हुने विश्वास लिएकोछु ।

१६.४. भूकम्पीय जोखिम र सम्भावित दुर्घटनालाई न्यूनिकरण गर्दै आम नगरवासीको सुरक्षाको लागि संघीय र प्रदेश सरकारबाट जारी भएका राष्ट्रिय भवन संहिता र वस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्डका आधारमा नगरस्तरीय मापदण्ड परिमार्जन गरी कडाईका साथ लागू गरिनेछ ।

१६.५. नगर क्षेत्र भित्रको पूर्व-पश्चिम लोकमार्ग ५० मिटर, जिल्लास्तरी सम्पुर्ण सडक १६ मिटर, (क) वर्गका प्रमुख सडकहरु कम्तीमा १४ मिटर, (ख) वर्गका मुख्य शाखा सडकहरु समेत कम्तीमा ६ मिटर र पुराना वस्तीका साँघुरा सडकहरु समेत प्रत्येक घरसम्म दमकल र एम्बुलेन्स पुग्ने गरी कम्तीमा ४ मिटर वा नक्सामा सो भन्दा बढी भएमा नक्सा अनुसार नै चौडा गरी सडक स्तरोन्नती र मर्मत संभारका आयोजनाहरु कार्यान्वयन गर्ने नीतिलाई थप प्रभाबकारी बनाईनेछ ।

१६.६. कम्तीमा ८ मिटर चौडा सडकसँग जोडिएको प्लटमा भित्री सडकहरु ६ मिटर चौडा गरी खानेपानी, विद्युत सेवा, ढल र सडक स्तरोन्नती समेत गर्ने गरी मात्र संघीय वा प्रदेश सरकारले तोके बमोजिम जग्गा प्लटिङ्गको अनुमती दिईने छ । साथै अव खोलिने सबै नयाँ सडकको चौडाई कम्तीमा ६ मिटर हुनेछ ।

१६.७. नगरपालिकाको सदरमुकामसम्म यसमा समाहित भएका तत्कालिन भक्तिपुर, बेला, कालिञ्जोर र गौरीशंकर गा.वि.स. क्षेत्रमा यातायात पहुँच बढाउन ईश्वरपुरसँग जोडिने प्रमुख सडकहरुको स्तरोन्नती र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका साथ थप प्रभावकारी बनाईनेछ ।

१६.८. नगर क्षेत्र भित्रका अत्यावश्यक स्थानहरुमा पक्की पुल तथा कलभर्ट क्रमशः निर्माण गरिनेछ । यसकालागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।

१६.९. नगर क्षेत्र भित्र संचालन हुने सबै आयोजना र कार्यक्रमहरु स्थानीय आवश्यक्ता, संभाव्यता, प्राथमिकता र लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधी सम्मत प्रकृयाबाट संचालन गर्ने प्रवन्ध मिलाउँदै विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री र कच्चा पदार्थको नगरस्तरीय मापदण्ड तयार गरी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने नीति थप प्रभाकारी बनाईनेछ ।

१६.१०. बढदो सार्वजनिक जग्गा तथा सडक अतिक्रमणलाई स्थानीय जनसहभागितामा नियन्त्रण र नियमन गरी सार्वजनिक सडक चौडा गराउनुको साथै ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थलहरु एवम् अन्य सार्वजनिक जग्गाहरुको खोजी र संरक्षण गर्ने नीति थप प्रभाबकारी बनाईनेछ ।

१६.११. नगरस्तरीय सडकको दुवै किनारामा पैदल यात्रुकालागि फुटपाथ निर्माण गर्ने कार्यलाई अनिवार्य बनाईनेछ । यस्ता फुटपाथ मुनी नालाको व्यवस्था गरिनेछ ।

१६.१२. गाउँ वस्तीस्तरमा खानेपानी, सिंचाई र सडकहरुको मर्मत संभारको साथै आकस्मिक मर्मत संभार कार्यलाई थप प्रभाबकारी बनाईनेछ ।

१६.१३. नगरभित्र निर्माण गरिने सबै पूर्वाधारलाई बाल मैत्री र अपाङ्ग मैत्री बनाउने नीति लिईनेछ ।

१६.१४. रू ५ लाख भन्दा माथिका आयोजनामा कार्यान्वयन स्थलमा आयोजना सम्बन्धी जानकारीको लागि अनिवार्य रुपमा विस्तृत विवरण सहितको होर्डि• बोर्ड राख्न लगाईने नीति थप प्रभाबकारी बनाईनेछ ।

१६.१५. शहरी सुन्दरता र शान्ती सुरक्षाको लागि नगरका प्रमुख सडक र चोकहरुमा क्रमशः सौर्यवती जडान गर्दै लगिनेछ ।

१६.१६. सडकको दुबै किनारामा बृक्षारोपण गरी शहरी सोन्दर्यता बृद्धी गरी ईश्वरपुरलाई क्रमशः हरित शहरको रूपमा विकास गर्दै लगिनेछ ।

१६.१७. बजार क्षेत्र भित्र उपयुक्त स्थानमा वसपार्क, माईक्रो पार्क र वधशाला निर्माणका लागि आगामी आ. ब. मा डि.पि.आर तयारी गरिनेछ ।

१६.१८. नगर क्षेत्र भित्रका सिंचाई, बाँध तथा पैनीहरुको मुहान संरक्षण र मर्मत संभार गर्नुका साथै बोरिङ्ग सिंचाईको लागि थप पहल गरिनेछ ।

१६.१९. वडा कार्यालयहरु क्रमशः निर्माणमा गरी स्थानीय स्तरबाटै व्यवस्थित सेवा प्रवाहको व्यवस्थालाई निरन्तरता दिईनेछ । संघीय तथा प्रदेश सरकारबाट वडा कार्यालय निर्माणका लागि बजेट प्राप्त भएमा सोही अनुसार वडा कार्यालय निर्माण कार्य अगाडी बढाईनेछ । यस्तो थप सहयोग प्राप्त नभएमा पनि आगामी आ. ब. भित्र वडा कार्यालयहरूका लागि आवश्यक जग्गा उपलव्ध हुने ३ स्थानमा बडाको कार्यालय भवन निर्माण गरिनेछ ।

१६.२०. उपभोक्ता समितिको नगद तथा श्रम लागत सहभागितामा विकास निर्माण गराउने कार्यलाई थप प्रभावकारी र पारदर्शी बनाईनेछ । उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरुलाई पुरस्कृत र सम्मान गर्ने र खराब आचरण र गुणस्तरीयहीन कार्य गराउने उपभोक्ता समिति र सहयोगीहरुलाई दण्ड सजाय गर्ने नीति थप कडाईकासाथ लागु गरिनेछ ।

१६.२१. नगरको बडा नं ३ स्थित बाँध टोल दुर्गा मन्दिरमा वाल उद्यान निर्माण गरिनेछ। पूर्व पश्चिम राजमार्ग नजिक उपयुक्त स्थानमा विविध सुविधायुक्त पार्क निर्माण गर्ने कार्य आगामी आ.ब. मा सुरू गरिनेछ।

१६.२२. वडा नं ६ क्याम्पसचोकमा खेल मैदान, कभर्ड हल सहितको रङ्गशाला निर्माण कार्य आगामी आ.ब. मा सुरू गरिनेछ। आगामी ५ (पाँच) वर्ष भित्रमा सवै वडाहरुमा व्यवस्थित वालउद्यान र खेल मैदानको व्यवस्थाका गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१६.२३. विद्युत सेवाको पहुँच नपुगेका वस्तीहरुमा आवश्यक पोल सहित विद्युतीकरणको व्यवस्था मिलाईनेछ। साथै सम्भाव्यता र आवश्यकताका आधारमा सौर्य बत्तिको विस्तार गरिनेछ।

१६.२४. नक्सामा बाटो नभई व्यवहारमा बाटोको रूपमा प्रयोग भई रहेका सार्वजनिक सडकहरुले ओगटेको क्षेत्रफलको लगत कट्टा गरी सार्वजनिक सडक कायम गरिने नीति थप प्रभाबकारी बनाई कार्यान्वयन गरिनेछ।

१६.२५. जुनसुकै शिर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीति लिइनेछ। आ.ब. को चैत्र मसान्त सम्म सम्झौता गरी कार्यान्वयन अघि नवढेका कार्यक्रमहरु उपभोक्ता समितिको लागत सहभागितामा अगाडि बढाईने छ।

१६.२६. नगर यातायात गुरुयोजना तर्जुमा गरी नगर भित्रका सडकहरुको वर्गिकरण, सडक अधिकार क्षेत्र निर्धारण, बस स्टप तथा यात्रु बिश्रामस्थलको व्यवस्था क्रमशः गर्दै लगिनेछ।

१६.२७. नगरपालिकाको करमुहान- रामनगर - पोखरीटोल सडक, पोखरिटोल - खाल्टे बजार - रामपुर सडक, खोकना - भक्तिपुर - मियाँखोर हुँदै चौलिखा बजार, बयलवास - फुल्जोर-कालिन्जोर सडक र शान्तिपुर - सागरनाथ - श्रीनगर सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्ने गरी स्तरोन्नति गर्ने कार्य लाई निरन्तरता दिईनेछ । सबै टोल, बस्तीहरुलाई सडक सञ्जालले क्रमशः जोड्दै लगिनेछ।

१६.२८. मुख्य सार्बजनिक स्थलहरुमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ।

१६.२९. विद्युतीय शासन तथा सेवा प्रणालीलाई प्रबर्द्धन गरिनेछ। सबै बडा कार्यालयलाई नेटवर्किङ्ग गरी बिद्युतीय सेवा तथा सूचना प्रबाह गर्न आगामी आर्थिक बर्ष देखि सुरू गरिने छ।

१६.३०. छिमेकी नगरपालिका तथा गाउँपालिकाहरूसँग समन्वय तथा सहकार्य गरी अन्तर नगर सार्वजनिक यातायातको सुरू गर्न पहल गरिनेछ।

१६.३१. छिमेकी नगरपालिका र जिल्ला सदरमुकाम जोड्ने सडकको मापदण्ड एकै प्रकारको बनाउन तथा आधारभूत संरचनामा एकरूपता ल्याउन ईश्वरपुर नगरपालिकाले सहाकार्यका लागि पहल सुरू गर्नेछ।

१६.३१. राष्ट्रिय सडक सञ्जाल, प्रदेशस्तरीय तथा जिल्लास्तरी सडकको निर्माण तोकिएको समयमै गुणस्तरीय रूपमा सम्पन्न गराउन पहल गरिनेछ।

**१७. फोहरमैला ब्यवस्थापन, वातावरण तथा प्रकोप ब्यवस्थापन क्षेत्रका नीति तथा कार्यक्रमहरु**

१७.१. नगरक्षेत्रको फोहोरमैलाको दिगो ब्यवस्थापनका लागि ब्यवस्थित ल्याण्डफिलसाइटको अध्ययन गराईनेछ । अध्ययन प्रतिवेदनका आधारमा आगामी बर्ष देखि आवश्यक निर्माण कार्य प्रारम्भ गरिनेछ। यस कार्यमा विकास साझेदारको सहयोग परिचालन गर्न पहल गरीनेछ।

१७.२. घरेलु फोहरलाई कुहिने, नकुहिने र पुनः प्रयोग गर्न सकिने तीन तहमा घरमै छुट्टयाई सो को उपयोग र उचित ब्यवस्थापनका लागि निजी क्षेत्र र गैरसरकारी निकायसँग साझेदारी गरिनेछ।

यसकालागि नगरपालिकाले सबै वडामा निश्चित संख्यामा डस्टबिन वितरण गरी फोहर सकलन तथा व्यवस्थापनको कार्य अगाडि बढाईनेछ ।

१७.३. सार्वजनिक स्थलहरूमा फोहोरमैला फ्याँक्ने, सूर्तिजन्य पदार्थको प्रयोग गर्ने, भित्तेलेखन गर्ने र मापदण्ड विपरीतका प्लाष्टिक झोला वा वातावरणमा प्रतिकूल असर पार्ने सामाग्रीको प्रयोगलाई पूर्णतः निषेध गरिनेछ ।

१७.४. नगरक्षेत्रभित्र यातायात व्यवस्थापन गर्नको लागि पार्किङ्ग क्षेत्र तोकिनेछ । सडकमा निर्माण सामाग्रि थुपार्ने, पशुपंछि बाध्ने तथा छाड्ने र तोकिएको स्थानभन्दा बाहेकको स्थानमा सवारी साधन पार्किङ्ग गर्नेलाई जरिवाना गर्ने नीति कडाईका साथ लागू गरिनेछ ।

१७.५. बाढि, डुबान तथा आगलागिबाट घरबार नै गुमाएका बिपन्न परिवारहरुलाई भवन निर्माणको लागि नक्सा पासका गर्न लाग्ने शुल्क मिनाह गरिनेछ ।

१७.६. विपद ब्यवस्थापनको लागि संस्थागत संरचनाहरु सुदृढ गर्दै संभावित बिपद् जोखिम पहिचान गरी पूर्वतयारीको लागि आवश्यक कार्य गरिनेछ । आपतकालीन खोज, उद्धार तथा राहत र पुर्ननिर्माणका लागि आबश्यक प्रबन्ध गरिनेछ । विपतको समयमा प्रयोग गर्न खडा गरिएको विपद राहत कोषमा नगरपालिकाको तर्फबाट आगामी आ. ब. मा रु. १५ लाख उपलब्ध गराइने छ । ब्यवसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्र, गैर सरकारी क्षेत्र र अन्य सरकारी निकायहरुलाई पनि यस कोषमा योगदान गर्न प्रेरित गर्ने नीति लिईनेछ ।

१७.७. दमकलको प्रयोग गर्न हरिवन र मलंगवा न.पा.हरुसंग साझेदारी गरीने छ ।

१७.८. नगर क्षेत्रभित्र रहेको वनक्षेत्र संरक्षण गरिनेछ । वनको दिगो उपभोग र ब्यवस्थापनको लागि समुदायमा आधारित वन ब्यवस्थापनलाई प्रबर्द्धन गरिनेछ ।

१७.९. वायु प्रदुषण, भूप्रदुषण, ध्वनी प्रदुषण नियन्त्रणका लागि आबश्यक नीतिहरुको तर्जुमा गरी ईश्वरपुर नगरक्षेत्रलाई प्रदुषणमुक्त गर्न आवश्यक कार्य अगाडि बढाइनेछ । यस कार्यका लागि छिमेकी नगरपालिका तथा गाउँपालिकासँग सहकार्यको पहल गरिनेछ ।

१७.१०. नगरक्षेत्र भित्रको जैविक विविधता र जैवीक चक्र अध्ययन गरी त्यसको संरक्षणको लागि आवश्यक ऐन नियम र योजना बनाउने तर्फ कार्य प्रारम्भ गरिनेछ । साथै जलवायु परिर्वनले पारेका असर र प्रभावको अध्ययन गरी जलवायु अनुकुलन योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । साथै नविकरणिय उर्जा र बैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

१७.११. फोहरमैला व्यवस्थापनका लागि छिमेकी नगरपालिका तथा गाउँपालिकासँग सहकार्य गरी संयुक्त विशर्जन केन्द्र विकास गर्ने प्रयास थालनी गरिनेछ ।

१७.१२. वहु प्रकोप न्यूनीकरणकालागि छिमेकी तथा अन्य नगरपालिका र गाउँपालिकाहरू सँग सहकार्यका सम्भावना पहिचान गरी आवश्यक पहल थालिनेछ ।

१७.१३. सीमामा रहेका नदिनालाबाट हुने प्रकोप न्यूनीकरणकालागि सीमाका नगरपालिका र गाउँपालिकासँग सहकार्य गर्न जोड दिईनेछ ।

**१८. स्थानीय आर्थिक विकास केन्द्रीत नीति तथा कार्यक्रमहरु**

१८.१. कृषि हाम्रो प्रमुख पेशा तथा आयस्रोत भएको हुँदा कृषि विकासकालागि करेशावारी प्रवर्द्धन कार्यक्रम, कृषि आधुनिकीकरण तथा व्यावसायीकरण कार्यक्रम, फलफुल चाना निर्माण कार्यक्रम, बाख्रा पालन प्रवर्द्धन कार्यक्रम, माछापालन प्रवर्द्धन कार्यक्रम, माछा भुरा विकास कार्यक्रम, विउ विजन वितरण कार्यक्रम सबै बडामा सञ्चालन गर्ने नीति लिईनेछ ।

१८.२. नगरक्षेत्रभित्र उत्पादन हुने तरकारीहरुको सामुहिक बिक्री बितरणको लागि संकलन केन्द्रहरु, सामुहिक उद्यम तथा उत्पादन कार्य गर्न आवश्यक स्थानहरुमा साझा संकलन केन्द्र, लघु साना

तथा घरेलु उद्योगहरुवाट उत्पादित सामान विक्री वितरणको लागि बिक्री स्थल तोकि आवश्यक पूर्वाधार निर्माण गर्न सुरु गरिनेछ ।

१८.३. नगरपालिकाको निर्माणाधिन भवन आ. ब. २०७५।७६ भित्रै सम्पन्न गरिसक्ने व्यवस्था मिलाईनेछ । नगरपालिकाको अतिथि गृह निर्माणका लागि आवश्यक जग्गा प्राप्त गर्ने कार्यको प्रारम्भ गरी अतिथि गृहको ड्रईङ्ग डिजाइन तयार गर्न परामर्श सेवा लिन आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

१८.४. यस नगरलाई कलाकर्मी तथा कृषि तथा माछापालन व्यावसाय सम्बद्ध पर्यटकहरुको गन्तब्यको रुपमा विकास गर्न सम्बन्धित क्षेत्रका संघ संस्थासंग साझेदारी गर्न शुरु गरिनेछ ।

१८.५. नगरको विभिन्न स्थानमा सामुदायिक दलान, भवन, चौतरा, बिश्राम स्थल निर्माण गर्दै लगिनेछ ।

१८.६. नगर क्षेत्रको बिभिन्न स्थानहरुमा नागरिक सूचनाका लागि सूचनापाटि राख्ने कार्य शुरु गरिने छ ।

१८.७. उद्योगी ब्यवसायीहरुका लागि लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

१८.८. नगरभित्र समान कामको लागि समान ज्याला नीति आगामी आ.व मा तयार गरिनेछ ।

१८.९. एक गाउँ एक उत्पादन क्षेत्र बिकास नीति लिई वडा नं १, २ र ३ लाई माछा र धान उत्पादन क्षेत्र, बडा नं. ४, ५, १२, १३ र १४ लाई तरकारी खेति र पशुपालन क्षेत्र, वडा नं ६ र ७ लाई औद्योगिक तथा व्यापारिक क्षेत्र र वडा नं ८, ९, १०, ११ र १५ लाई धान सहितको खाद्यान्न उत्पादन क्षेत्रको रूपमा विकास गरिनेछ ।

## १९. सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन संग सम्बन्धित नीतिहरु

१९.१. नगरपालिकामा आबश्यक र उपयुक्त कानून, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तयार गरी नगरवासीहरुलाई सरल, सहज र प्रभावकारी सेवा प्रदान गरिनेछ ।

१९.२. नगरको समग्र विकासमा सामुदायिक संस्थाहरु, गैरसरकारी क्षेत्र, सहकारीक्षेत्र, निजी क्षेत्र, अन्तर्राष्ट्रिय विकास साझेदारहरुसँग साझेदारी र सहकार्य गरिनेछ ।

१९.३. वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न नागरिक वडापत्र, सूचनापाटिको व्यवस्था गरी सूचना अध्यावधिक गरिनेछ । वडा कार्यालयहरुलाई क्रमशः भौतिक सुविधा सम्पन्न गरिदै लगिनेछ र आवश्यक जनशक्ति आपूर्ति गरिनेछ । सम्पूर्ण वडा कार्यालयहरुलाई विद्युतिय सञ्जालमा समाहित गर्दै लगिने छ । यसै गरी नगर र वडामा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्य नियमित रुपमा अगाडि बढाईनेछ ।

१९.४. नगरपालिकाको कार्यप्रभावकारिता बृद्धि गर्न गराउनका लागि आगामी आ. ब. मा प्रत्येक वडा कार्यालयलाई एक थान मोटरसाईकल उपलव्ध गराईनुका साथै नगरकार्यपालिका कार्यालयका लागि समेत आवश्यक सवारी साधन खरिद गरिनेछ ।

१९.५. नगरपालिकाबाट सम्पादन हुने हरेक आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ ।

१९.६. सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र बिश्वसनीय बनाइनेछ । ईबिडिङ प्रणालीलाई कार्यान्वयन गरिनेछ । गुणस्तर मापदण्ड बनाई लागू गरिनेछ । विकास कार्यहरुको ब्यवस्थित अनुगमन नीति तथा प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ ।

१९.७. नागरिकहरुको सूचनामा सहज पहुँच सुनिश्चिताको लागि आवश्यक ब्यवस्था गरिनेछ । क्रमशः खुला सरकारको अवधारणा अवलम्बन गरिनेछ । सामाजिक सञ्जाल तथा विद्युतिय प्रविधिहरुको स्थापना, प्रयोग र विस्तार गरिनेछ ।

१९.८. उपभोक्ता हित संरक्षण का लागि उपभोक्ता शिक्षा, सूचना र बजार अनुगमन सम्बन्धि नीतिको व्यवस्था गरिनेछ । सबै पसलहरूमा मूल्यसूची राख्न अनिवार्य गर्ने तथा मूल्य र गुणस्तरको नियमित अनुगमन गरिने छ ।

१९.९. नगरपालिकाबाट सम्पादन हुने न्यायप्रणालीलाई सरल, सहज र सबैको पहुँचमा पुर्‍याइनेछ । वडाहरुमा मध्यस्थता र सामुदायिक मेलमिलाप केन्द्रको स्थापना गर्दै उनीहरुको क्षमता विकास गरी परिचालन गरिनेछ । नगरको उप प्रमुखको संयोजकत्वमा गठित न्यायिक समितिलाई श्रोत साधनयुक्त वनाईनेछ । न्यायिक समितिको कार्यविधी तयार गरी आगामी आ.ब देखि प्रभाबकारी रूपमा न्याय सम्पादन गरिनेछ ।

१९.१०. सेवाग्राहीको अधिकारलाई सम्वोधन गर्न कर्मचारीलाई उत्तरदायी बनाईने छ । यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ ।

१९.११. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रबिधिको प्रयोग गरी विद्युतिय सुशासन लागु गर्न आवश्यक तयारी गरिने छ ।

१९.१२. नगरपालिका उत्कृष्ट काम गर्ने कर्मचारीहरु, वडा सचिवहरु, सामाजिक परिचालक, महिला स्वास्थ्य स्वयं सेवकहरु तथा टोल विकास संस्था, नागरिक सचेतना केन्द्र, कृषक समूह, सहकारी, आमा समुह, वन उपभोक्ता समिति आदिलाई उचित अवसरमा पुरस्र्कत गर्ने नीति लिईनेछ ।

१९.१३. नगरपालिकाका कर्मचारीहरुले प्रदान गरिएको स्थानीय भत्ता तथा सुविधालाई परिमार्जन गरी लागु गरिनेछ । पदाधिकारी तथा सदस्यहरुको क्षमता विकास, वैठक भत्ता, तथा भ्रमण भत्ताको लागि आबश्यक बजेट विनियोजन गरिनेछ ।

१९.१४ ईश्वरपुर नगरपालिकाले विगतमा तर्जुमा गरेका कार्यविधि, निर्देशिका तथा नीतिगत निर्णयहरु नेपालको संबिधान, संघीय कानुन, प्रदेश कानुन तथा यस सभाबाट पारित नीति तथा कानुनी व्यवस्थासंग बाझिएको सम्म स्वत वदर हुने अन्यथा यथावत कार्यान्वयनमा रहने नीतिलाई निरन्तरता दिईनेछ । आवश्यकता र औचित्यताका आधारमा थप नीति, ऐन कानुन, कार्यविधि तयार गरी क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१९.१५. संविधानको भावना र नेपाल सरकार तथा प्रदेश सरकारको नीति अनुसार कानून बनाई नगर प्रहरी सेवाको स्थापना गर्न कार्य आगामी बर्षबाट प्रारम्भ गरिनेछ ।

१९.१६. नगर भित्र उपभोक्ता समितिबाट सम्पादन गरिने कार्यहरू समयमै तोकिएको गुणस्तर र परिमाणमा प्रभावकारी रूपमा सम्पन्न गर्न सहजीकरण गर्ने उद्देश्यले आगामी बर्ष देखि उपभोक्ता समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिहरूलाई नगरपालिकाबाट अभिमुखीकरण तालिम प्रदान गर्ने नीति लिईनेछ । नगरपालिकामा उपभोक्ता समिति अनिवार्य रूपमा दर्ता गराउनु पर्ने व्यवस्था लागु गरी अभिलेख व्यवसथापन गरिनेछ ।

१९.१७. नगरपालिका भित्र विभिन्न स्थानमा लाग्ने हाट बजारहरू हप्तामा सवै दिन लाग्न सक्ने गरी क्रमशः पूर्वाधारहरू विकास गर्दै लगिनेछ ।

१९.१८. बयलबास स्थित नगरपालिकाको बजारलाई आबश्यक पूर्वाधारहरू क्रमशः निर्माण गरी आधुनिक सुविधा सम्पन्न बनाई सेवाग्राहीमैत्री बनाउँदै लगिनेछ ।

## २०. भवन निर्माण, नक्सा पास, सम्बन्धी नीतिहरु

२०.१. व्यवस्थित शहरीकरणलाई प्रश्रय दिन तथा नगर भित्रका संरचनाहरूको अभिलेखीकरण गर्ने उद्देश्यले चालु आ. ब. देखि लागु गरिएको साविकका संरचनाहरूको नक्सा सहित नगरपालिकामा अभिलेखीकरण गराउनु पर्ने व्यवस्थालाई थप प्रभावकारी बनाई लागु गरिनेछ । यसका लागि

नगरपालिकाको भवन निर्माण कार्यविधी स्वीकृतिकालागि यसै सभामा पेश गर्ने व्यवस्था मिलाईने छ ।

२०.२. यस ईश्वरपुर नगरपालिकाबाट नक्सा पास नगरी निर्माण भएका साविकका भवनहरु नक्सासहित नगरपालिकामा अभिलेखिकरण गर्न तथा नया निर्माण, तला थप गर्नको लागि माग गरेमा, सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता, २०६०" अनुसार भएमा आवश्यक प्रकृया पुरा गरी गराई नया निर्माण तथा तला थपको अनुमति प्रदान गर्ने नीति लिइनेछ ।

२०.३. नगरपालिका क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरु, सार्वजनिक पोखरी, पानी मुहान, नदी तथा नदी किनार, सार्वजनिक पैनीको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिन अभिलेख अद्यावधिक गर्दै लगिनेछ । नपा क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरु नपाको स्वामित्वमा ल्याउनको लागि सबैको सहयोग प्राप्त हुने अपेक्षा लिइएको छु ।

२०.४. साविक देखि भोगचलन गरिआएका तर हालसम्म धनि पूर्जा प्राप्त गर्न नसकेका स्थानीय बासीलाई वास्तविक अवस्था पहिचान गरी क्रमसः धनी पूर्जा वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

२०.४. ईश्वरपुर नगरपालिकाको नयाँ नक्सा पास तथा नक्सा अभिलेखीकरण कार्यविधि तयार गरी लागु गरिनेछ ।

**२१. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध विस्तार तर्फका नीतिहरु :**

२१.१. नगरको पहिचान र हितलाई उच्च प्राथमिकता दिई राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसँग भगिनी सम्वन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिईनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न वजेटको व्यवस्था मिलाईनेछ ।

२१.२. ईश्वरपुर नपाले अन्तराष्ट्रिय मञ्चमा आफुलाई उपस्थित गराउने पहल गर्ने छ । विभिन्न अन्तराष्ट्रिय सहरहरु संग भगिनी सम्बन्ध स्थापनको लागि सार्थक पहल का साथै अन्तरनगरपालिका तहका अन्य संस्थाहरु संग सम्बन्ध विस्तारको लागि थप पहल गरिने छ ।

**२२ राजश्व परिचालन सम्बन्धी नीतिहरु**

२२.१. यस नगरपालिकाको स्थानिय श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाईने छ । सबै सरोकारवाला एवं करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आयको अंश क्रमशः बृद्धि गरिदै लगिनेछ । सवारी कर, व्यवसाय कर लगायतका कर संकलनका क्षेत्रलाई थप प्रभाबकारी बनाई स्रोत परिचालन गरिनेछ ।

२२.२. आगामी आ.व.मा करको दायरा विस्तार गरी दरमा पुनरावलोकन गर्न आर्थिक विधेयक तयार गरी सभाको स्विकृतीका लागि यसै सभामा पेश गरी सभाबाट स्वीकृत भएपछि आगामी आ. ब. देखि लागु गरिनेछ । नगरपालिकाको आर्थिक ऐनको प्रभावकारी कार्यान्वयमा सम्पूर्ण राजनितिक दल, व्यवसायी, सरोकारवाला र आम नागरिकको सहयोग रहने कुरामा नगरपालिका आश्वस्त छ ।

२२.३. न.पा.द्धारा बहालमा लगाईएका सम्पत्तीहरुको बहाल बन्दोबस्त गर्दा तथा आय संकलन कार्य अन्य संस्था मार्फत गराउँदा प्रतिस्पर्धात्मक बिधी अपनाई प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ ।

२२.४. आगामी आ. ब. देखि एकिकृत सम्पत्ति कर लगाईनेछ ।

२२.५. नगरवासीहरुको कर तिर्ने क्षमता र ईच्छा समेतलाई विचार गरी आन्तरिक श्रोत जुटाउन सरल, बैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत करको दर भन्दा दायरा फराकिलो पार्दै नगरवासीहरुलाई बोझ नहुने गरी कर, शुल्क तथा दस्तुर निर्धारण गरी आन्तरिक श्रोत बृद्धि गरिनेछ । नगरभित्र रहेका सबै व्यवसाय, उद्योगधन्दा, निजी तथा सामुहिक माछापालन लगायत सम्पुर्ण व्यवसायलाई उद्योग वाणिज्य संघसँगको सहकार्य र समन्वयमा करको दायरामा ल्याईनेछ ।

२२.६. नगर क्षेत्र भित्र घर संरचना भाडामा लगाउनेहरुसँग सम्झौता बमोजिको रकममा २ प्रतिशत घर वहाल कर एवम् सरसफाई व्यवस्थापनका लागि तोकिएको सरसफाई शुल्क असुल उपर गर्ने नीतिलाई थप प्रभाबकारी बनाई राजश्व वृद्धी गरिनेछ ।

२२.७. राजश्व सम्भाव्यता अध्ययन गराई सो को प्रतिवेदनको आधारमा करको दर र दायराहरु फराकिलो पार्दै लगिनेछ ।

२२.८. नगरपालिका र वडाहरूबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व असुलीसँग आवद्ध गर्दै नगरवासीले तिर्ने कर शुल्कको हिसाब दुरुस्त राख्न कम्प्युटर विलिङ्ग प्रणाीलाई थप प्रभावकारी र पारदर्शी बनाउँदै लगिनेछ ।

२२.९. नगर क्षेत्र भित्रका करदाताहरुको अभिलेख राखी सबैभन्दा बढी कर तिर्ने करदाता लाई विशेषरुपले पुरस्कृत र सम्मान गर्ने व्यवस्था निरन्तरता दिईनेछ ।

२२.१०.नगरपालिकामा रहेका सार्वजनिक पोखरीहरू आय आर्जनको प्रमुख स्रोतको रुपमा रहेको हुदा तिनीहरुको मर्मत सम्भार गरी गराई ठेक्कामा लगाउने नीति लिईनेछ ।

२२.११.नगरपालिकाका विभिन्न वडाहरूमा आवश्यक पूर्वाधारको व्यवस्था गरी बजार विकास तथा विस्तार गरी नगरको आय बृद्धि गर्दै लगिनेछ ।

२२.१२.राजश्व कर दाखिला गर्न नागरिकलाई प्रोत्सहन गर्ने उद्देश्यले आगामी आर्थिक बर्षमा २०७५ असोज मसान्त भित्र २०७५ सम्मको कर, दस्तुर, शुल्क बझउनेलाई तोकिएको दरको २५ प्रतिशत छुट दिईनेछ । त्यसै गरी २०७५ पौष मसान्त भित्र बुझउनेलाई १५ प्रतिशत छुट दिईनेछ । सो पछि आ. ब. भर कुनै छुट नदिईने र आ. ब. व्यतित भईसकेपछि लाग्ने कर, शुल्क दस्तुरको ३५ प्रतिशत थप जरिवाना लिने नीति लिईनेछ ।

२२.१३ नगरपालिकाले लगाएको कर दस्तुर शुल्क आदि समयमा नवुझाउने को हकमा नगरपालिकाले प्रदान गर्ने सबै प्रकारका सिफारिस तलायतका सेवाहरू रोक्का गर्ने नीति कडाईका साथ लागु गरिनेछ ।

२२.१४.सार्वजनिक पोखरी र जमिन नगरपालिका अन्तर्गत ल्याई नगरपालिकाको आयस्रोत वृद्धी गराउने नीति लिईनेछ ।

२२.१५.नगरपालिका भित्रको उपयुक्त स्थानका केही पोखरीलाई बहुउपयोगी तथा पर्यटकीय पोखरीको रूपमा क्रमशः विकास गर्दै लगिनेछ ।

२२.१६. सीमा क्षेत्रका नदि तथा अन्य प्राकृतिक स्रोत साधन उत्खनन तथा प्रयोगका लागि संघ तथा प्रदेश सरकारको नीति अनुसार नगरपालिकाबाट आवश्यक पहल तत्काल सुरू गरिनेछ ।

**आदरणीय प्रमुख अतिथि, विशिष्ठ अतिथि, अतिथिज्यूहरु एवं उपस्थित महानुभावहरु,**

२३. अब म आगामी आर्थिक बर्षको लागि हामीले प्रस्ताव गरेको खर्च व्यहोर्ने स्रोतहरुको वारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु :

२३.१. आगामी आ.व.०७५/७६ को लागि राजस्व आम्दानी, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, सशर्त अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, विषयक्षेत्रगत कार्यक्रमको बजेट, स्थानीय राजश्व अनुमान तथा जनसहभागिता परिचालन, चालु आ.ब. को

मौज्दात रकम, सामाजिक सुरक्षा भत्ता वापत प्राप्त हुने रकम र नगर विकास कोषबाट लिईने ऋण समेत गरी आ. ब. २०७५।७६ मा कुल रू ६६ करोड ५० लाख ९३ हजार ९९१ र पैसा ५८ बजेट सीमा निर्धारण गरिएकोछ। बजेट सिमाको रकम मध्ये चालु खर्च तर्फ रु.३८ करोड २९ लाख १२ हजार (सामाजिक सुरक्षा, विषयगत कार्यक्रम, बहुपोषण, स्थानिय साशन तथा सामुदायिक विकास कार्यक्रम लगायत ) र पूजिगत तर्फ रू २८ करोड २१ लाख ८१ हजार ९९१ र ५८ पैसा बिनियोजन प्रस्ताव गरिएको छ।

२३.२. माथि पेश गरेको आय विवरणमा जनसहभागिता बापतको अनुमानित योगदान समाविष्ट गरिएकोछ । पदाधिकारी सुविधा, शिक्षक र कर्मचारी तलब, सामाजिक सुरक्षा भत्ता लगायत विषयगत शाखाका चालु प्रकृतीका खर्चहरू समेत चालु खर्चमा समावेस भएका कारण चालु खर्चको कुल रकम अधिक देखिएको व्यहोरा निवेदन गर्दछु।

२३.३. आन्तरीक आयको अनुमान गर्दा आ.व. २०७४।७५ भित्र आर्थिक ऐनको व्यवस्था अनुसार असुल गरिएको भूमि कर (मालपोत), घरबाहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडिबुटि, कवाडि र जिवजन्तु कर, विज्ञापन कर, मनोरञ्जन कर, वाहाल बिटौरी शुल्क, पार्किङ्ग शुल्क, व्यवसाय दर्ता शुल्क दस्तुर, पर्यटन शुल्क, नक्सा पास शुल्क, सरसफाई शुल्क, भाडा दस्तुर, दण्ड जरिवाना बाट प्राप्त राजस्व आम्दानी र बजार ठेक्काबाट प्राप्त हाल सम्म प्राप्त आयका आधारमा आगामी आ. ब. २०७५।७६ को लागि रू १ करोड ५० लाख राजश्व अनुमान गरिएको छ। करको प्रकार, दायरा सभामा पेश गरिंनेछ। प्रस्तावित करको किसिम, दायरा र दरका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारबाट अन्यथा व्यवस्था भएकोमा सोही अनुसार गर्न प्रस्तब गरिएको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउँदछु।

**प्रमुख अतिथिज्यू तथा विशिष्ठ अतिथिज्यूहरू :**

२४. योजनाको कार्यान्वयन पक्ष अति महत्वपूर्ण पक्ष हो। हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु कार्यान्वयन गर्न समझदारी, सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ। अतः यस अवसरमा सम्पूर्ण सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत अन्तर्राष्ट्रिय संघ संस्था, गैर सरकारी संस्थाहरु, लगायतका सम्पूर्ण सरोकारवालालाई रचनात्मक सुझाब तथा सहयोगकालागि म ईश्वरपुर नगरपालिका र सम्पुर्ण नगरवासीका तर्फबाट हार्दिक अनुरोध गर्दछु।

२५. आज प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनकालागि यसै सभामा आ. ब. २०७५।७६ का लागि विस्तृत बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ। वजेट तथा कार्यक्रम नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब सार्वजनिक गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, आर्थिक विधेयक तथा विनियोजन विधेयकमा विस्तृतमा उल्लेख भएको व्यहोरा अनुरोध गर्दछु। बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत भएपश्चात अविलम्व कार्यक्रम कार्ययोजना तयार गरी गराई कार्य प्रारम्भ गरिने विश्वास यहाँहरू सबैलाई गराउँदछु।

२६. आजको यस गरिमामय अवसरमा म राजनीतिक प्रतिस्पर्धा र आग्रह पूर्वाग्रहबाट माथि उठेर सम्पुर्ण जनप्रतिनिधी ईश्वरपुर नगरपालिकाको विकास र नागरिक सेवामा समर्पित हुने आशाका साथ हामी एउटै परिवार भएर समझदारीका साथ अगाडि बढने प्रतिवद्धता पुनः व्यक्त गर्दै सबै जनप्रतिनिधिहरूलाई ***"माछा तथा अन्न भण्डार र कृषी पर्यटकीय नगर ईश्वरपुरको शान सफा, हराभरा, समुन्नत र उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण हाम्रो अभियान"*** मा ईमान्दारीका साथ लागि पर्न आव्हान गर्दछु। हाम्रा नीति तर्जुमा गर्दा ज्यादा भन्दा ज्यादा अन्तरकृया र सुझाव संकलन गरिएको थियो। अतः नगरपालिकाको सुसंचालनको लागि सवै

राजनीतिक दलको रचनात्मक सहयोगको पून: विश्वास गर्दै म आफ्नो तर्फबाट समेत पार्टिको मात्र नभई समग्र ईश्वरपुर नगर र यहाँका जनताको साझा प्रतिनिधिको रुपमा सेवा गर्ने विश्वास पून: यहाँहरुलाई दिलाउन चाहन्छु ।

२७. जनताको न्यूनतम आबश्यकता, हामी सबैको विकास र संबृद्धीको चाहना पुरा गर्न हाम्रा राजनैतिक आस्था बिश्वाश र सिद्धान्तलाई सम्मान गर्दै बिकासकालागि सामुहिक प्रतिवद्धताका साथ समझदारी सहयोग र सहकार्य अत्यावश्यक हुन्छ भन्ने कुरामा मेरो बिश्वास छ । यसैले हाम्रो नगरलाई शान्त, सुन्दर र संबृद्ध नगरको रूपमा विकास गर्ने पावन कार्यमा सबैको समझदारी सहयोग र सहकार्यकालागि म हार्दिक अपिल गर्न चाहन्छु । पुर्खाले सुम्पेको र बर्तमानले माग गरेको बिकास र संबृद्धीको पूर्व शर्तको रूपमा सुदृढ सुरक्षा व्यवस्था, गुणस्तरीय विकास निर्माण, द्रुत सामाजिक बिकास नै रहेको छ भन्ने मेरो विश्वास छ । यस दिशामा हामी सबैले आज सामुहिक प्रतिवद्धता व्यक्त गरी व्यवहारमा उतार्ने प्रण गर्न म सबै सँग विनम्र आग्रह गर्न चाहन्छु ।

२८. अन्तमा, आजको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका प्रमुख अतिथिज्यू, विशिष्ठ तथा विशेष अतिथिज्यूहरु, अतिथिज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, सञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद् व्यक्त गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने राजनीतिक दलका प्रतिनिधिज्यूहरू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, वजेट तर्जुमा समितिका संयोजक एवं नगर उपप्रमुखज्यू, विषयगत कार्यालयका प्रतिनिधिहरु, कर्मचारी साथिहरु एवं सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद् ।

मनोज कुमार देवकोटा
नगर प्रमुख
ईश्वरपुर नगरपालिका, सर्लाही
२०७५ आषाढ १० गते